# भाग ३

## पञ्चायत नीति तथा जाँचबुझ समितिको सूचना

### पञ्च कार्यकर्ताको आचार-विधि, २०४२

पञ्च कार्यकर्ताहरूमा राम्रो आचारको विकास गराउन पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावली, २०३८ को नियम १० ले दिएको अधिकार प्रयोग गरी विभिन्न तहका पञ्च भलाबाट अनुमोदन भएका सुझावहरूलाई समावेश गरी पञ्चायत नीति तथा जाँचबुझ समितिले देहायको आचार-विधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यस आचार-विधिको नाम "पञ्च कार्यकर्ताको आचार-विधि २०४२" रहेको छ ।

२. यो आचार-विधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार-विधिमा "पञ्च कार्यकर्ता" भन्नाले पञ्चायत नीति तथा जाँचबुझ समितिका सदस्य, पञ्चायतका विभिन्न तहका सदस्य तथा पञ्चायतका वर्गीय संगठनका विभिन्न तहका सदस्य र वर्गीय संगठनका साधारण सदस्यसमेत सम्झनुपर्छ ।

४. आचार-विधिको पालनाः

(१) प्रत्येक पञ्च कार्यकर्ताले यस आचार-विधिमा लेखिएका कुराहरूको पालना गर्नु पर्नेछ ।

(२) कुनै पञ्च कार्यकर्ताले यस आचार-विधिमा लेखिएको कुनै कुराको प्रतिकूल आचरण गरेमा निजले आफ्नो पदअनुसारको आचरण नगरेको मानिनेछ र निजमाथि आवश्यक कारवाही गर्न सकिनेछ ।

(३) पञ्च कार्यकर्ताहरूलाई पुरस्कृत र प्रोत्साहित गरिँदा यस आचार-विधि अनुरुप गरेका आचरण र व्यवहारलाई एक मुख्य आधार मानिनेछ ।

५. पञ्चायतका वर्गीय संगठनको सदस्यता लिनु पर्नेः पञ्च कार्यकर्ता बन्नका लागि कुनै एक पञ्चायतका वर्गीय संगठनको साधारण सदस्यता लिनु पर्नेछ ।

६. उच्च आदर्श कायम राख्नु पर्नेः पञ्च कार्यकर्ताले सच्चाई र इमान्दारीको उच्च आदर्शलाई अँगाली आफ्नो ओहदाको मर्यादा सुहाउँदो आचरण गर्नुपर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. पक्षपात, लोभ, लालच वा द्वेष गर्न नहुनेः पञ्च कार्यकर्ताले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै काम गर्दा पक्षपात, मोलाहिजा, लोभ-लालच वा द्वेष गर्न हुँदैन ।

८. निर्भिक रही काम गर्नु पर्नेः पञ्च कार्यकर्ताले जिम्मेवारी पालन गर्दा आफ्नो ज्ञान-विवेक लगाई कसैको डर त्रासमा नपरी निर्भिक रही जिम्मेवारीको पालन गर्नुपर्दछ ।

९. राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता आदिको प्रतिकूल काम गर्न नहुनेः कुनै पनि पञ्च कार्यकर्ताले राष्ट्रिय स्वतन्त्रता, एकता, सार्वभौमसत्ता तथा अधिराज्यको अखण्डताप्रति आँच आउने, मुलुकलाई खण्डित गर्ने कुनै किसिमको काम गर्नु हुँदैन। मुलुकलाई खण्डित गर्ने उद्देश्यले जनताका बीच फुट पैदा गर्ने कुनै पनि व्यक्तिको दुष्प्रयासलाई तत्परताका साथ विरोध गर्नुपर्दछ ।

१०. राजसंस्थाप्रति आस्था बढाउन प्रयत्नशील रहनेः पञ्च कार्यकर्ताले राजसंस्थाप्रति आस्था बढाउन र राजभक्ति, देशभक्ति तथा राष्ट्रिय भावनाको विकास गर्न सदा प्रयत्नशील रहनु पर्दछ । राजसंस्थाप्रति अनास्था पैदा हुने कुनै काम कुरा गर्न हुँदैन र कसैले गरेमा तत्काल प्रतिकार गर्नुपर्दछ ।

११. दलविहीनतालाई विकसित र सुदृढ पार्नु पर्नेः पञ्च कार्यकर्ताले दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको बोध गराई निर्दलीय भावनालाई विकसित र सुदृढ पार्नु पर्दछ र निर्दलीयताको विरूद्ध कुनै काम गर्नु हुँदैन ।

१२. पञ्चायत व्यवस्थाका सिद्धान्तको बोध गराउनेः पञ्च कार्यकर्ताले पञ्चायत व्यवस्थाका सिद्धान्तको बोध गराउनु पर्दछ । पञ्चायत व्यवस्थाका सिद्धान्तका विपरित कुनै किसिमको काम गर्नु हुँदैन र व्यवस्थाप्रति कुनै किसिमको भ्रम फैलाउन हुँदैन ।

१३. पञ्चायत संगठन वा समितिको प्रतिष्ठामा धक्का पुग्ने काम गर्न नहुनेः पञ्च कार्यकर्ताले आफू रहेको पञ्चायत, संगठन वा समितिको सदस्यको हैसियतले आफूले गर्नुपर्ने काम जिम्मेवारीपूर्वक गर्नुपर्नेछ र पञ्चायत, संगठन वा समितिको प्रतिष्ठामा धक्का पुग्न सक्ने कुनै काम गर्न हुँदैन ।

१४. राष्ट्रको स्वार्थ सर्वोपरि राख्नु पर्नेः पञ्च कार्यकर्ताले जाति, समुदाय, वर्ग, धर्म वा क्षेत्रको सीमित स्वार्थभन्दा राष्ट्रको सर्वाङ्गीण स्वार्थलाई सर्वोपरि राख्नुपर्दछ । जाति, धर्म वा सम्प्रदायका बीच घृणा, द्वेष र भेदभाव फैलिने वा साम्प्रदायिक भावना बढ्ने जस्ता कुनै काम कुरा गर्न हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. असंलग्न परराष्ट्र नीति अनुरूप आचरण गर्नुपर्ने : पञ्च कार्यकर्ताले आफ्नो काम कर्तव्यको पालना गर्दा असंलग्न परराष्ट्र नीति अनुरूप आचरण गर्नु पर्नेछ र विदेशी प्रभावबाट प्रेरित हुनु हुँदैन ।

१६. सार्वजनिक सम्पत्ति हिनामिना गर्न नहुने: पञ्च कार्यकर्ताले कुनै अवस्थामा पनि विकासको लागि श्री ५ को सरकारतर्फबाट प्राप्त रकम, चन्दा सङ्कलनबाट जम्मा गरिएको रकम वा आफ्नो जिम्मामा रहेको अन्य सार्वजनिक सम्पत्ति हिनामिना गर्न, निजी कामको लागि उपभोग गर्न, नोक्सानी गर्न वा दुरूपयोग गर्न हुँदैन ।

१७. अनुचित लाभ उठाउन नहुने : पञ्च कार्यकर्ताले आफ्नो पदको प्रभाव देखाई अनुचित लाभ उठाउने काम गर्न हुँदैन ।

१८. पञ्चायत व्यवस्थाको प्रतिकूल भएमा विरोध गर्नु पर्ने: पञ्च कार्यकर्ताले आफू उपस्थित भएको ठाउँमा पञ्चायत व्यवस्थाको प्रतिकूल हुने काम कुरा भएमा त्यसको तुरुन्त विरोध, प्रतिकार वा वहिष्कार गर्नुपर्दछ ।

१९. गुटबन्दी गर्न नहुने : पञ्च कार्यकर्ताले पञ्च कार्यकर्ताहरूको बीच निर्दलीय व्यवस्था-लाई आँच आउने किसिमको गुटबन्दी वा आफ्नो समूहबन्दी जस्ता कार्य गर्न गराउन हुँदैन ।

२०. आचार-विधिमा निषेध गरिएको काम अरूबाट गराउन नहुने : यस आचार-विधिमा पञ्च कार्यकर्ता आफूले गर्न नहुने भनी निषेध गरिएको कुनै काम गर्न अरूलाई प्रोत्साहन गर्नसमेत हुँदैन ।

२१. जनतालाई परेका पीर मर्का हटाउन सदा संलग्न रहने : पञ्च कार्यकर्ताले जनताको दुःख र पीर मर्कासँग राम्ररी भिजी जनतामा परेका अन्याय, अत्याचार र भ्रष्टा-चार हटाउन सदा संलग्न रही जनताका उचित मागहरूलाई सदा अगुवाई गर्नु पर्दछ ।

२२. पञ्चायत नीति तथा जाँचबुझ समितिप्रति मर्यादा: पञ्च कार्यकर्ताले पञ्चायत नीति तथा जाँचबुझ समितिले दिएको निर्देशनको पालना गर्नुपर्दछ ।

आज्ञाले,
नूतनदेव खनाल
सदस्य-सचिव
पञ्चायत नीति तथा जाँचबुझ समिति



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।